# संचालक समिति



**श्री एस. के. रॉय, अध्यक्ष**
अध्यक्ष, भारतीय जीवन बीमा निगम

श्री एस. के. रॉयले भारतीय जीवन बीमा निगम (एलआईसी) मा सन् १९८१ देखि अधिकृतस्तरबाट सेवा आरम्भ गर्नुभएको हो । उहाँले २९ जुन २०१३ देखि निगमको कार्यकारी अध्यक्षको जिम्मेवारी समालिरहनु भएको छ ।

श्री रॉयले अंग्रेजी साहित्यमा स्नातकोत्तर र कानून विषयमा विद्यावारिधी (पि. एचडी.) सम्मको अध्ययन पुरा गर्नु भएको छ । उहाँले निगमको Legal, Estate, P & IR र Marketing जस्ता महत्वपूर्ण पदीय जिम्मेवारीहरू सफलतापूर्वक निर्वाह गरिसक्नु भएको छ । उहाँले North Central Zone र Eastern Zone को Zonal Manager समेत भई कार्य गर्नु भएको थियो । ३० मे २०१३ मा निगमको प्रबन्ध निर्देशकमा नियुक्ति हुनुभन्दा अगाडि श्री रॉय निगमको अन्तर्राष्ट्रिय विभाग प्रमुख भई कार्य गरिरहनु भएको थियो ।
श्री रॉय मार्केटिङ्ग, व्यवस्थापन र मानवश्रोत विकास जस्ता विषयमा रूची राख्ने अध्ययेता हुनुहुन्छ । उहाँ खेलकुद प्रेमी पनि हुनुहुन्छ ।



**श्री एस. बी. मायनाक, संचालक**
प्रबन्ध निर्देशक, भारतीय जीवन बीमा निगम

चार्टड एकाउन्टेन्टको उपाधि हासिल गर्नु भएका श्री एस. बी. मायनाक भारतीय जीवन बीमा निगमका बर्तमान प्रबन्ध निर्देशक हुनु हुन्छ । श्री मायनाक निगमको प्रबन्ध निर्देशकका रूपमा नियुक्ति हुनु पूर्व भा.रू. १४ लाख करोडभन्दा बढी रकम संचित कोषको लगानीका निमित्त स्थापित निगमको Investment Operation विभागको प्रमुख भई कार्य गरिरहनु भएको थियो । उहाँले सन् १९८३ देखि अधिकृतस्तर (सि.ए. ब्याच)बाट निगममा सेवा प्रारम्भ गर्नु भएको थियो । श्री मायनाकले निगममा सेवा गर्ने सिलसिलामा वित्त र लेखा विभागमा मात्र नभई अरू विभिन्न क्षेत्रहरू जस्तै मार्केटिङ्गमा वरिष्ठ/शाखा प्रबन्धक, Divisional Manager of Pension & Group Superannuation, Investment Department प्रमुख र National Insurance Academy of Pune मा जीवन बीमा विषयको प्रोफेसर आदिको कार्यानुभव संगाल्नु भएको छ । श्री मायनाक National Stock Exchange of India Limited र Stock Holding Corporation of Limited का बर्तमान बोर्ड सदस्य समेत हुनु हुन्छ । उहाँले भारत सरकारबाट Satyam Computer Services Ltd को स्वतन्त्र संचालकको रूपमा नियुक्ती पाई सो कम्पनीको उत्थानमा महत्वपूर्ण भूमिका निर्वाह गर्नु भएको थियो ।



**श्री अशोक अग्रवाल, संचालक**

प्रबन्ध निर्देशक, बिशाल ग्रुप लिमिटेड

वाणिज्य शास्त्रमा स्नातक उपाधि हासिल गर्नु भएका श्री अशोक अग्रवाल बिशाल ग्रुप अफ इन्डस्ट्रीजका प्रबन्ध निर्देशक हुनु हुन्छ । उहाँ बैंक अफ एसिया लि., एल. आई. सी. (नेपाल) लि., प्रुडेन्सियल इन्स्युरेन्स कम्पनी लि., मैनावती स्टील इन्डस्ट्रीज प्रा.लि. र ग्लोबल ट्रेडिङ्ग हाउस लि. को संचालक समेत हुनु हुन्छ । श्री अग्रवाल हाल नेपाल बैदेशिक व्यापार संघ (NFTA) को अध्यक्ष हुनुहुन्छ साथै नेपाल भारत चेम्बर अफ कमर्स र गोरधन्दास कमलावाई परोपकारी प्रतिष्ठानको सदस्य समेत हुनु हुन्छ । श्री अग्रवाल बिगत २४ बर्षदेखि व्यापार, उद्योग र सेवाका क्षेत्रहरूमा संलग्न हुनु हुन्छ ।



**श्री राजेन्द्र प्रसाद अर्याल, संचालक**

सर्बसाधारण शेयरधनीसमूहबाट

श्री राजेन्द्र प्रसाद अर्याल नेपालको औद्योगिक बृतमा सुपरिचित नाम हो । उहाँ हाल त्रिकोण एडभरटाइजिङ्ग सर्भिसेजका संचालक एवं प्रबन्ध निर्देशकको अतिरिक्त अन्तर्राष्ट्रिय चेम्बर अफ कमर्स (नेपाल च्याप्टर) का सचिव, नेपाल चेम्बर अफ कमर्सका सचिव, प्रुडेन्सियल इन्स्युरेन्स कम्पनी लि. का संचालक, कन्फेडेरेशन अफ नेप्लीज इन्डस्ट्रीज अन्तर्गत प्रेस पब्लिकेशन कमिटिका संयोजक र एन.आई.सी. एसिया बैंक लि. का संचालक समेत हुनु हुन्छ । स्नातकसम्मको अध्ययन पुरा गर्नु भएका श्री अर्याल स्पष्टवक्ता हुनुहुन्छ ।



**श्री भि. के. कुक्रेजा, स्वतन्त्र संचालक**

बि.कम. (अनर्स) र चार्टड एकाउन्टेन्टको उपाधि हासिल गर्नु भएका श्री भि. के. कुक्रेजा M/S S.P. Chopra & Company Chartered Accountants मुम्बई, भारतका बर्तमान व्यवसायिक चार्टड एकाउन्टेन्ट हुनुहुन्छ । उहाँले ३० बर्षसम्म जीवन बीमा क्षेत्रमा काम गरी गहन अनुभव संगाल्नु भएको छ । श्री कुक्रेजाले भारतीय जीवन बीमा

निगममा सन् १९८२ बाट सेवा आरम्भ गर्नुभयो र डिसेम्बर ३०, २०१२ मा सेवा निबृत हुदाँ निगमको कार्यकारी

निर्देशक (बित्त र लेखा बिभाग) हुनुहुन्थ्यो । यसको अलवा श्री कुक्रेजाले निगमको अन्य महत्वपूर्ण पदहरू जस्तै एलआईसी म्युचुअल फण्डको डिपुटी जनरल म्यानेजर, एलआईसीको North, North Central र West Zones को Regional Manager (Finance & Accounts) र Investment Department प्रमुख तथा कार्यकारी निर्देशकको रूपमा सफलतापूर्वक जिम्मेवारी समाल्नु भएको थियो ।



**श्री पि. आर. मिश्र, प्रमुख कार्यकारी अधिकृत तथा संचालक**

श्री पि. आर. मिश्रले यस कम्पनीको प्रमुख कार्यकारी अधिकृत तथा संचालकको पदीय जिम्मेवारी मे २३, २०११ देखि समालिरहनु भएको छ । Applied and Analytical Economics मा स्नातकोत्तरको उपाधि हासिल गर्नुभएका श्री मिश्रले भारतीय जीवन बीमा निगममा १६औं ब्याचको अधिकृतस्तरबाट सेवा आरम्भ गर्नु भएको थियो । उहाँले भारतको आन्ध्र प्रदेश, उडिसा र पश्चिम बंगालमा निगमको प्रशासनिक तथा मार्केटिङ्ग दुबै क्षेत्रमा कार्य गरी गहन अनुभव संगाल्नु भएको छ । एलआईसी नेपालको प्रमुख कार्यकारी अधिकृत तथा संचालकको जिम्मेवारी लिनु अगाडि श्री मिश्र Kolkata Suburban Division & Kolkata Metropolitan Division-I को वरिष्ठ Divisional Manager हुनुहुन्थ्यो ।

उहाँको नेतृत्वमा Kolkata Metropolitan Division-I ले प्रथम बीमाशुल्क आर्जनको आधारमा सन् २००९/१० र २०१०/११ मा लगातार भारतभरमा नम्बर १ को स्थान हासिल गर्न सकेको थियो । श्री मिश्र पुस्तक अध्ययनमा अभिरूची राख्ने मृदृभाषी असल बक्ता हुनुहुन्छ । उहाँको सिद्धान्त नै मानिसहरूसँग दीर्घकालिन सम्बन्ध स्थापित गर्ने र सबैको भलाईका निमित्त राम्रो कार्य गर्नु रहेको छ ।